# सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड

म्याङ्लुङ्ग बजार, तेह्रथुम

# १४औं वार्षिक साधारण सभा

## तथा

## आ.व.०७९/८० को वार्षिक प्रगति प्रतिवेदन एवम् आ.व.०८०/८१ को प्रस्तावित बजेट तथा कार्यक्रम

**मिति :- २०८० आश्विन २७ गते शनिवार**

सभाध्यक्ष ज्यू, प्रमुख अतिथि, विशेष अतिथि, अतिथि ज्यूहरु, पत्रकार ज्यूहरु, सञ्चालक,समितिका सदस्य साथै पदाधिकारी ज्यूहरु तथा शेयर सदस्य एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

तेह्रथुम जिल्लाको म्याङ्लुङ्ग नगरपालिका र फेदाप गाउँपालिका–२ साविक ओयाक्जुङ्ग गा.वि.स.लाई कार्यक्षेत्र बनाई सहकारीको माध्यमबाट कार्यक्षेत्र भित्रका समुदायको सामाजिक तथा आर्थिक विकास गर्ने उद्देश्यले २०६६ साल मंसिर १५ गते विधिवत रुपमा नेपाल सरकारको सहकारी ऐन, २०४८ बमोजिम डिभिजन सहकारी कार्यालय धनकुटामा दर्ता गरि २०६६ माघ ६ गते देखि सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड म्याङ्लुङ्ग, तेह्रथुमले आफ्नो शेयर सदस्यहरुलाई सेवा प्रारम्भ गर्दै आज मिति २०८० आश्विन २७ गते चौधौं वार्षिक साधारण सभाको आयोजना गरिएको छ । संस्थाले आ.व.०७९/८० मा सञ्चालन गरेका विभिन्न क्रियाकलापहरुलाई समेटेर तयार गरिएको चौधौं वार्षिक साधारण सभाको प्रतिवेदनलाई प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय उपस्थित महानुभावहरु**

यस सहकारी संस्थाको सर्वोच्च निकाय वार्षिक साधारण सभाको महत्वपूर्ण समयमा संस्थाले सञ्चालन गरेका विभिन्न गतिविधि र नीति तथा कार्यक्रम साथै संस्थाले प्राप्त गरेको सफल कार्यको मूल्याङ्कन र भावी योजनाको विषयमा छलफल गरि विगतका कमी-कमजोरीहरुलाई सच्याई सवल पक्षलाई निरन्तरता दिदैं सहकारी संस्थाको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै संस्थाको आफ्नो सेवालाई सदैव सर्वसुलभ बनाई आफ्ना सदस्य प्रति उत्तरदायी बनी आ-आफ्नो ठाउँबाट सबैको साथ, सहयोग र सहभागिताबाट यस सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो चौधौं वसन्त पार गरि पन्ध्रौं वर्षको यात्रा तय गर्न सफल भएको छ । यसका लागि सबै पक्षलाई धन्यवाद दिदैं यस सहकारी संस्थाले

आ.व.०७९/८० मा गरेका मुख्य गतिविधि तथा उपलब्धिहरुको संक्षिप्त प्रस्तुति गर्ने अनुमति चाहन्छु ।

## संस्थागत गतिविधि

### १) शेयर सदस्य विस्तार

सहकारी संस्थाको मेरुदण्ड भनेको नै शेयर सदस्य हुन् । सदस्यहरुको चासो र सक्रियतामा नै संस्थाको सफलता निर्भर रहन्छ । यहि विषयलाई मध्यनजर गर्दै संस्थाले सदस्यता प्रदान गर्दै आईरहेको छ भने सहकारी संस्थाको नियमानुसार सदस्यता वृद्धि गर्ने लक्ष्य रहेको पनि यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | विवरण | आ.व. ०७७/७८ | | जम्मा | आ.व. ०७८/७९ | | जम्मा | आ.व. ०७९/८० | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | | पुरुष | महिला | |
| १ | शेयर सदस्य | ४८८ | ३६३ | ८५१ | ४९१ | ३७० | ८६१ | ४९५ | ४८८ | ९८३ |
| २ | वाल वचत कर्ता | २१६ | २०९ | ४२५ | २२० | २१५ | ४३५ | २७१ | २१० | ४८१ |

### २) कार्यक्षेत्र विस्तार

संस्थाको कार्यक्षेत्र साविक म्याङलुङ, पिप्ले, जिरिखिम्ती, साब्ला र ओयाक्जुङ गा.वि.स.रहेकोमा सदस्यहरुको माग र संस्थाको कारोबारलाई मध्यनजर गरी यस आ.ब.०७९/८० मा म्याङलुङ न.पा का वडा ७, ८, र १० फेदाप गा.पा. का वडा नं. १ ,३, ४ र ५ लालिगुराँस न.पा. का ६, ७, ८ र ९ र मेन्छ्यायेम गा.पा.को वडा नं. ६ मा कार्यक्षेत्र विस्तार गरी कारोवार सञ्चालनको लागि कोशी प्रदेश सहकारी रजिष्टर कार्यालयबाट स्वीकृती लिई कारोवार सञ्चालन गरिएको यस सभामा जानकारी गराउन चाहान्छु । साथै आगामी दिन सो कार्यक्षेत्र विस्तारबाट संस्थाको कारोवारमा थप टेवा पुग्ने विश्वास समेत लिएको छु ।

### ३) सेवा केन्द्र सञ्चालन स्वीकृती

संस्थाले २०७३ साल भाद्र २३ गतेबाट संस्थाको कायक्षेत्र भित्र रहेको जिरिखिम्ती बजारमा वचत संकलन केन्द्रको स्थापना गरि सञ्चालन गर्दै आएकोमा सो संकलन केन्दलाई सेवाकेन्द्रको रुपमा सञ्चालन गर्नको लागि आवश्यक प्रक्रिया पूरा गरी म्याङलुङ न.पा. वडा नं. ६ **“जिरीखिम्ती सेवा केन्द्र”** को रुपमा कोशी प्रदेश सहकारी रजिष्टर कार्यालयबाट यस आ.ब.०७९/८० मा स्वीकृती लिई नियमानूसार सेवाकेन्द्र सञ्चालन गरिएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

### ४) साधारण सभा, सञ्चालक, लेखा, सल्लाहकार र विभिन्न उप-समितिहरुको बैठक

सहकारी संस्थाको लक्ष्य र उद्देश्य अनुरुप सञ्चालन गर्न र दैनिक कार्यमा समेत सहज बनाउन आ.व. ०७९/८० को अवधिमा समिति र विभिन्न उप-समितिहरुको बैठक निम्न विवरण अनुसार बसेको जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | साधारण सभा,समिति तथा उप-समितिको नाम | बैठक सङ्ख्या |
|---|---|---|
| १. | तेह्रौं वार्षिक साधारण सभा २०७९/०५/२५ गते सम्पन्न | १ पटक |
| २. | सञ्चालक समिति | १३ पटक |
| ३. | लेखा समिति | ३ पटक |
| ४. | सल्लाहकार समिति | - |
| ५. | ऋण उप-समिति | १३ पटक |
| ६. | सेवाकेन्द्र सञ्चालन उप-समिति | ४ पटक |
| ७. | शिक्षा उप-समिति | १ |
| ८. | बजार प्रवर्द्धन उप-समिति | - |
| ९ | स्वरोजगार कर्जा परिचालन उप-समिति | २ |
| १०. | साना किसान लघु कर्जा उप-समिति | - |
| ११ | भौतिक सम्परीक्षण | १ पटक |

### ५) कर्मचारीको व्यवस्थापन

सहकारी संस्थाको नीति नियमको अधिनमा रहेर संस्थाले तय गरेको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र दैनिक कार्य सञ्चालन गर्नका लागि मुख्य कार्यालय म्याङ्लुङ्गमा ६ जना र वचत सङ्कलन केन्द्र जिरिखिम्तीमा ३ जना गरि जम्मा ९ जना विभिन्न जिम्मेवारीमा संस्थाका कर्मचारीको व्यवस्था गरि परिचालन गरिएको छ । कर्मचारीहरुको स्थायीत्व र वृद्धि विकासका लागि संस्थाको आम्दानी अनुसार सेवा सुविधा संस्थाले नियम अनुसार उपलब्ध गराउदै आएको छ । कर्मचारीहरुले पाएको जिम्मेवारी अनुसार आफ्नो क्षमताले भ्याए सम्म अहोरात्र संस्थाको हितका लागि कार्य सम्पादन गरिरहेको पाईएको छ ।

**मुख्य कार्यालय कर्मचारी म्याङ्लुङ**

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | प्रवन्धक | लिलानाथ दाहाल |
| २ | कर्जा अधिकृत | जोशन श्रेष्ठ |
| ३ | लेखा सहायक | कञ्चन हिङमाङ |
| ४ | वचत परिचालक | पूर्णमाया पयाङ्गु |
| ५ | वचत परिचालक | नर्वदा दाहाल |
| ६ | कार्यालय सहयोगी | अस्मिता लिम्बू |

**कार्यालय कर्मचारी सेवा केन्द्र जिरिखिम्ती**

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | सेवाकेन्द्र प्रमुख | बन्दना लिम्बू |
| २ | लेखा सहायक | गोपाल निरौंला |
| ३ | वचत परिचालक | चन्द्रकला गुरुङ्ग |

## ६) संस्थाको नीति नियमहरु

सहकारी संस्थालाई नेपाल सरकार सहकारी ऐन, नियम वमोजिम सञ्चालन गर्न र कार्य सञ्चालनलाई प्रभावकारी बनाई संस्थालाई जीवन्त तुल्याउन संस्थाले निम्न अनुसारका नीति, नियमहरु जारी गरि कार्यान्वयन गरिएको छ ।

| क्र.सं. | जारी गरिएको नियमहरु | जारी मिति | संसोधन मिति | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थाको विनियम | २०६६ | पूनर्लेखन २०८० | |
| २ | ऋण नीति | २०६६ | २०७५ | |
| ३ | वचत नीति | २०६६ | २०७५ | |
| ४ | आर्थिक प्रशासन नियमावली | २०६९ | २०७६ | |
| ५ | निर्वाचन कार्यविधि | २०६९ | □ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कर्मचारी प्रशासन नियमावली | २०६९ | २०७९ | |
| ७ | युवा स्वरोजगार कर्जा परिचालन निर्देशिका | २०६९ | ☐ | |
| ८ | साना किसान मासुजन्य कर्जा लगानी कार्यविधि | २०७१ | ☐ | |
| ९ | सदस्य राहत तथा सम्मान कार्यक्रम नीति | २०७५ | ☐ | |
| १० | सेवाकेन्द्र सञ्चालन नीति | २०७९ | ☐ | |
| ११ | ईन्टनसीप परिचालन कार्यबिधी | २०८० | ☐ | |
| १२ | फोकलपर्शन परिचालन कार्यबिधी | २०७९ | ☐ | |
| १३ | सञ्चालक समिती आचारसंहिता | २०८० | ☐ | |

## ७) संस्थाको सम्पत्ति तथा भौतिक पूर्वाधार विकास

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडका शुभचिन्तक, कर्मचारी, शेयर सदस्यहरुको योगदान र सञ्चालक समितिको कुशल व्यवस्थापनका कारण आफ्नो ५ वर्ष यात्राको समयमा नै म्याङ्लुङ्ग न.पा. वडा न.-१ लोकतात्रिक चोक, नेपाल बैंक लिमिटेड तेह्रथुमको शाखा कार्यालय सँगै रहेको पक्की घर रु. १,१०,००,०००।–(अक्षरमा एक करोड दश लाख मात्र) मा खरिद गरी उक्त भवनलाई आवश्यक मर्मत सम्भार गरि संस्थाको कार्यालय सञ्चालन गरिएको जानकारी गराउन चाहन्छु र सो संस्थाको कार्यालय भवनको दोस्रो तलाको २ कोठा मिति २०७७ कार्तिक १ गते देखि मासिक रु.७,५०२।- का दरले घरभाडामा तेह्रथुममा कार्यरत **हिमालयन लाइफ इन्स्योरेन्स** कम्पनीसँग सम्झौता गरिएको छ । साथै संस्थाको कार्यालय सञ्चालनका लागि विद्युतीय उपकरण सहित आवश्यक पर्ने भौतिक सामाग्रीहरुको व्यवस्था गरि सम्पत्तिमा समाविष्ट गरिएको छ

## ८) सहकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमहरु

| क्र.सं. | मिति | कार्यक्रमको नाम | स्थान | उपस्थिति संख्या | अवधि |
|---|---|---|---|---|---|
| १ | २०७९।०५।२५ | तेह्रौं वार्षिक साधारण सभा | म्याङ्लुङ्ग, तेह्रथुम | ४७० | १ दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २०७९।१०।०६ | सहयोगी वचत तथा ऋण सहकारी संस्था लि.तेह्रथुमको १४औं स्थापना दिवसको आयोजना | कार्यालय | २० | १ दिन |
| ३ | २०७९।११।०५ | सञ्चालक,लेखा सल्लाहकार समिती र विभिन्न उप समितीहरुको संयूक्त भेलामा आ.ब. ०७९/८० को वार्षिक वजेट र कार्यक्रमको समिक्षा र थप योजना निर्माण | कार्यालय | ५० | १ दिन |
| ४ | २०७९।१२।०५ | सहकारी रजिष्टर श्री हरि बहादुर खत्रीको प्रमुख आतिथ्तामा सेवा केन्द्र स्वीकृती र कार्यक्षेत्र विस्तारका लागि सञ्चालक र लेखा समिती तथा विभिन्न उप-समितिहरुको अनुशिक्षण कार्यक्रम | संस्थाको कार्यालय म्याङ्लुङ्ग | २८ | १ दिन |
| ५ | २०७९।१२।११ | सहकारी शिक्षा तथा सचेतनामुलक कार्यक्रम | संस्थाको कार्यालय म्याङ्लुङ्ग | ४० | १ दिन |

## ९) सुशासन र पारदर्शीता

संस्थाको दैनिक कारोबार सुरक्षित, पारदर्शी तथा अनुशासित ढङ्गले सञ्चालनको लागि संस्थाले संस्थाको मुख्य कार्यालय म्याङ्लुङ्ग र वचत सङ्कलन केन्द्र जिरिखिम्तीमा सि.सि.क्यामेरा (CC Camera) जडान गरिएको जानकारी गराउन चाहन्छु ।

## १०) लेखा तथा अभिलेख व्यवस्थापन

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड, तेह्रथुमले सहकारी ऐन २०४८, संसोधित सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७६ तथा सहकारी मापदण्ड बमोजिम सर्वमान्य लेखाको सिद्धान्त अनुरुप दोहोरो लेखा प्रणाली, सहकारी चार खाता प्रयोग गरि सोका आधारमा विद्युत्तीय लेखा प्रणाली 'कोपास' नामक सफ्टवेयरको प्रयोग गरिरहेको अवगत

गराउन चाहन्छु । नेप्स्कुनले निर्माण गरेको मिरा सफ्टवयर यस आ.ब. देखि सञ्चालनमा ल्याउने गरी काम भईरहेको अवगत गराउन चाहान्छु ।

## ११) अनुगमन,निरीक्षण तथा भ्रमण

सहयोगी वचत तथा ऋण सहकारी संस्थाको आ.व. ०७९/८० मा विभिन्न निकायबाट अनुगमन तथा निरीक्षण र अध्ययन अवलोकन भ्रमण गरिएको थियो । विवरण निम्न अनुसार छ ।

| मिति | अनुगमनकर्ता | संस्था | उद्देश्य |
|---|---|---|---|
| ०७९/१२/०५ | सहकारी रजिष्ढर श्री हरि बहादुर खत्री | सहकारी रजिष्ढर, कोशी प्रदेश इनरुवा, सूनसरी | सहकारी अनुगमन तथा निरीक्षण |

## १२) संस्था दर्ता र आवद्धता

यस सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड निम्न अनुसार दर्ता तथा आवद्धता भएको छ ।

| क्र.सं. | आवद्ध भएको निकाय | स्थान | प्रयोजन |
|---|---|---|---|
| १ | सहकारी रजिष्टर कार्यालय प्रदेश नं. १ | ईनरुवा | सरकारको नीति अनुसार संस्था सञ्चालन गर्ने |
| २ | करदाता सेवा कार्यालय | धनकुटा | स्थायी लेखा नम्बर लिई कारोवार गर्न |
| ३ | नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय | अनामनगर काठमाण्डौ | युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न |
| ४ | वचत तथा ऋण सहकारी केन्द्रिय संघ नेफस्कून | काठमाण्डौ | सहकारी संस्थाको हक हित तथा परामर्श |
| ५ | साना किसान विकास बैंक | ईटहरी | साना किसान कर्जा कार्यक्रम सञ्चालन गर्न |

| | | | |
|---|---|---|---|
| ६ | राष्ट्रिय सहकारी बैंक | धनकुटा | सदस्यता लिई कारोबार गर्न |
| ७ | जिल्ला सहकारी संघ | तेह्रथुम | सहकारी संस्थाको हक हित तथा परामर्श |
| ८ | वचत तथा ऋण सहकारी संघ | तेह्रथुम | सहकारी संस्थाको हक हित तथा परामर्श |

यस आ.ब.०७९/८० मा म्याङलुङ न.पा. ,फेदाप गा.पा.,मेन्छ्यायेम गा.पा. र लाालिगुराँस न.पा सहयोगी वचत तथा ऋण सहकारी संस्था लि. तेह्रथुम सुचिकृत हुने योजना समेत रहेको जानकारी गराउन चाहान्छु ।

१३) आ.ब._०७९/८० मा राहत तथा समवेदना प्रदान गरेको विवरण

| **क्र.सं.** | **मिति** | **विवरण** | **परिवार सदस्य** | **प्राप्त कर्ता** | **दिइएको विवरण** | **नाता** |
|---|---|---|---|---|---|---|
| १ | २०७९।०५।०२ | समवेदना | स्व.मिना श्रेष्ठ | भूपतिलाल श्रेष्ठ,श्रीलक्ष्मी श्रेष्ठ, रेशमलाल श्रेष्ठ,रञ्जना कुमारी भद्रा श्रेष्ठ | रु.५०००।- | आमा सासु आमा |
| २ | २०७९।०७।०३ | समवेदना | स्व.दिलमाया कटुवाल | मोहिना कटुवाल धर्मराज खड्का | रु.५०००।- | आमा सासु आमा |
| ३ | २०७९।०७।०४ | समवेदना | स्व.लक्ष्मी प्रसाद लिम्बु ( मादेम्बा) | कुमारी मादेम्बा | रु.५०००।- | बाबु |
| ४ | २०७९।०८।०८ | समवेदना | स्व.शान्तिला कार्की सुब्बा (शेयर सदस्य) | दिपेन्द्र तुम्बाहाङ्फे | रु.२००००।- | स्वयम् |
| ५ | २०७९।१०।०७ | समवेदना | स्व.चन्द्रमणि ढुंगाना | कमला ढुंगाना | रु.५०००।- | बाबु |
| ६ | २०७९।१०।२० | समवेदना | स्व.टिकादत्त दाहाल | गंगा दाहाल | रु.५०००।- | बाबु |
| ७ | २०७९।१२। | समवेद | स्व.इन्दिरादेवी ढुगाना | जीवन कुमार | रु.५०००। | आमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १७ | ना | | ढुगाना दुर्गादेवी ढुंगाना | - | सासु आमा |
| ८ | २०७९।०३।१५ | समवेदना | स्व.खडानन्द खनाल | डम्बर कुमारी खनाल | रु.२०००।- | स्वयम् |
| ९ | २०७९।१२।२६ | समवेदना | स्व. होम बहादुर बानिया | मन्दिरा बानिया | रु.५०००।- | बाबु |

## १४) उपचार तथा राहात

तेह्रथूम जिल्ला फेदाप २ ओयाक्जूङ निवासी यस संस्थाका शेयर सदस्य श्री घनश्याम भट्टराई लामो समयदेखि मुटुको समस्याबाट ग्रसित भई मुटुको शल्यक्रिया गरि आबश्यक कागजात सहित संस्थामा राहत सहयोगको निवेदन दिनुभएको हुनाले संस्थाको **'सदस्यता सम्मान तथा राहत कार्यक्रम नीति –२०७५'** को दफा ६.३ (क) बमोजिम निज घनश्याम भट्टराईलाई मिती २०७९/१०/१९ गते वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै रु १५०००।– (अक्षरुपी पन्ध्र हजार मात्र ) राहत सहयोग प्रदान गरिएको जानकारी गराउन चाहान्छु ।

## १५) सम्मान तथा पुरस्कार

| क्र.सं. | मिति | विवरण | परिवार सदस्य | प्राप्त कर्ता | दिइएको विवरण | नाता |
|---|---|---|---|---|---|---|
| १ | २०७९।०५।२५ | SEE मा सर्वोत्कृट हुने | लोमनाथ ढुङ्गाना | सन्देश ढुङ्गाना | रु.५०००।- | छोरा |

## १६) सामाजिक उत्तरदायित्वमा सहकारी

विश्व रेडक्रस दिवसको अवसरमा मिती २०८० वैसाख २५ गतेका दिन सहयागी वचत तथा ऋण सहकारी संस्था लिं. म्याङलुङ तेह्रथुम र नेपाल रेडकस सोसाईटी जिल्ला शाखा तेह्रथुमको संयुक्त आयोजनामा रक्तदान कार्यक्रमको आयोजना गरिएको र सो कायक्रममा जम्मा १०५ जना दाताहरुले रक्तदान गर्नुभएको यस सभामा जानकारी गराउन चाहान्छु ।

## १६) सामाजिक विकासमा सहकारी

नेपालमा सहकारीको माध्यमबाट मानिसहरुले स्थानीय स्तरमा भएको पुँजी, प्रविधि, सीप, श्रम, समय र स्रोत साधनको अधिकतम परिचालन गरि आय आर्जनमा समेत वृद्धि भई उनीहरुको आर्थिक अवस्था सुधार हुँदै समग्र देशको आर्थिक विकासमा सहकारीले ठुलो भूमिका

निर्वाह गरि अर्थतन्त्रको एउटा पिलरको रुपमा स्थापित भई रहेको सन्दर्भमा सामाजिक विकासमा पनि सहकारीले उतिकै योगदान पुऱ्याउदै आइरहेको छ ।

### १७) सहयोगी पत्रकारिता पुरस्कार कोष स्थापना

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड, म्याङ्लुङ्ग, तेह्रथुमले मिति २०६९ सालमा रु.१०,००१।-(अक्षरमा दश हजार एक मात्र) रकमको **"सहयोगी पत्रकारिता पुरस्कार कोष"** स्थापना गरि सो रकमबाट प्राप्त व्याज रकम प्रत्येक वर्ष एक जना पत्रकारलाई सम्मान गरि वितरण गर्दै आएको यस सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

## संस्थाले सञ्चालन गरेका अन्य कार्यक्रमहरु

### १) सेवा केन्द्र जिरिखिम्ती

संस्थाले सदस्यहरुको माग, ईच्छा तथा चाहनालाई मध्यनजर गरि स्थानीय जिरिखिम्ती बजारमा मिति २०७३ साल भाद्र २३ गते वचत सङ्कलन केन्द्रको स्थापना गरि हाल सेवाकेन्द्रको रुपमा सञ्चालित संस्थाले सो क्षेत्रका सदस्यहरुलाई सोहि सेवा केन्द्रबाट सदस्यहरुको वचत सङ्कलन तथा व्यापार र उद्यम व्यवसाय सञ्चालनको लागि कर्जा सेवा प्रवाह गर्दै आएको छ । साथै सो क्षेत्रका सदस्यहरुको सेवा केन्द्रको स्थापनाले आर्थिक कारोबारमा पहुँच वृद्धि भएको संस्थाले विश्वास लिएको छ । साथै आ.व.०७९/८०को अन्त्य सम्ममा सङ्कलन केन्द्रमा निक्षेप सङ्कलन रु.१,७२,५६,०४२/९७-(अक्षरमा एक करोड बहत्तर लाख छपन्न हजार बयालिस रुपैयाँ सन्तानब्बे पैसा मात्र) र कर्जा कारोबार रु.१,६४,८९,७४५।-(अक्षरमा एक करोड चौसाठी लाख उनानब्बे हजार सात सय पैतालिस मात्र) रहेको अवगत गराउन चाहन्छु । साथै जिरीखिम्ती सेवा केन्द्रको आफ्नै आम्दानीमा मासिक रु ११०००।– घरभाडा , ३ जना कर्मचारी सहित सेववा केन्द्रको सम्पुर्ण खर्च धानी संस्थाको कुल आ म्दानीमा योगदान गर्दै आईरहेको अबगत अवगत गराउन चाहान्छु ।

### २) युवा उद्यम कर्जा कार्यक्रम

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो कार्यक्षेत्र भित्र रहेका बेरोजगार युवाहरुलाई लगानी गरी स्वरोजगार बनाउने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुल मन्त्रालय मार्फत म्याङ्लुङ्ग नगरपालिका र सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड बीच सम्झौता गरि संस्थाको आफ्नो कार्यक्षेत्र भित्र रहेका युवाहरुको योजना अनुसार युवा व्यवसायीहरुलाई बाख्रा पालन, भैसी पालन, दुग्ध व्यवसाय आदि सञ्चालन गर्न बिना व्याजदर त्रैमासिक किस्ता रहने गरि यस आ.व.०७९/८० सम्ममा रु.१५,००,०००।-(अक्षरमा पन्ध्र लाख मात्र) लगानीमा रहि रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

### ३) युवा तथा साना व्यवसायी स्वरोजगार कोष कर्जा कार्यक्रम

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो कार्यक्षेत्र भित्र रहेका युवाहरुलाई लगानी गरि स्वरोजगार बनाउने उद्देश्यले युवा स्वरोजगार कोष कर्जा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय काठमाण्डौ र सहयोगी वचत तथा ऋण

सहकारी संस्था लिमिटेड बीच मिती २०८०/०१/०७ रु.५० लाख कर्जा रकमको सम्झौता गरि वार्षिक व्याजदर ५% ले बुझाउने गरि यस आ.व.०७९/८० मा पहिलो किस्ता बापतको रु २५ लाख स्वीकृत भई संस्थाको आफ्नो कार्यक्षेत्र भित्र रहेका युवाहरुको योजना अनुसार पशुपालन, कृषि व्यवसाय, व्यापार व्यवसाय र साना घरेलु व्यवसाय सञ्चालन गर्न वार्षिक व्याजदर ८% को दरले १३ जना युवा व्यवसायीहरुलाई लगानी भइसकेको अवगत गराउन चाहन्छु ।

**सभामा उपस्थित महानुभावहरु**

सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेड तेह्रथुमको आ.व.०७९/८० को वार्षिक प्रगति प्रतिवेदन छलफलका लागि यस सम्मानित सभा समक्ष प्रस्तुत गरिसकेको छु । हामी सहकारी अभियानमा संलग्न सहकारीकर्मीहरुको अथक प्रयास र परिश्रमबाट राष्ट्रिय अर्थतन्त्रमा सहकारीबाट भएको योगदानमा केन्द्रित भई संविधान प्रदत्त अर्थनीति अनुरुप अव सहकारीको मूल्य मान्यता र सहकारी मैत्री ऐन, नियमको पक्षमा आवश्यक भूमिकाको लागि सम्वद्ध पक्षलाई हार्दिकतापूर्ण अनुरोध गर्न चाहन्छु । अन्त्यमा सम्पुर्ण महानुभावहरुप्रति धन्यवाद प्रकट गर्दै प्रतिवेदनमा कुनै कमी-कमजोरीहरु भएमा औंल्याईदिनुहुन र रचनात्मक सल्लाह, सुझावको समेत आशा राख्दै प्रतिवेदन समाप्त भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**धन्यवाद ! सहकारी अभिवादन !** **जय सहकारी !**

प्रतिवेदन प्रस्तोता
दिलबहादुर लिम्बू
**(अध्यक्ष)**

**धन्यवाद !**



## आर्थिक प्रतिवेदन

स्थानीय स्तरमा भएको स्रोत साधनको अधिकतम परिचालनबाट सदस्यको आर्थिक विकास हुन्छ भन्ने सामुहिक सोचका साथ विगत २०६६ सालमा सहयोगी वचत तथा ऋण सहकारी सस्था लिमिटेडको स्थापना गरि स्थानीय स्तरमा छरिएर रहेको स-सानो पुँजीलाई एकत्रीत गरि सहकारीको माध्यमबाट पुँजीको परिचालन गर्ने उद्देश्यका साथ सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले कार्यक्षेत्रका वासिन्दाहरुको आयआर्जनमा वृद्धि हुने विभिन्न किसिमका आर्थिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । सहकारी संस्थाको कार्यक्षेत्र भित्रका सदस्यहरुमा कृषि, पशुपालन, व्यापार व्यवसाय गर्नका लागि आवश्यक पुँजीको लगानी गरिएको छ । यस कार्यबाट उनीहरुको आम्दानीमा वृद्धि भई उनीहरुले गर्ने आर्थिक कारोबारमा समेत वृद्धि भएको महशुस गरिएको छ । खास गरेर साना व्यवसाय गर्ने सदस्यहरुका लागि पुँजी परिचालन गर्न सक्ने भरपर्दो वित्तीय संस्थाको रुपमा सहकारी संस्थालाई लिएका छन् । यस्तो अवस्थामा सहकारी संस्थाले आफ्नो सेवालाई सर्वसुलभ र विश्वसनीय बनाई अधिकतम पुँजीको परिचालन गर्दै आइरहेको छ । जसबाट सदस्यहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुगि समृद्ध नेपाल निर्माणमा सहयोग पुग्ने विश्वास लिएको छु । यहि कुरालाई मध्यनजर गर्दै सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले विभिन्न किसिमका सामाजिक तथा आर्थिक क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको कुरा अवगत गराउन चाहन्छु । आ.व.०७९/८० लेखा परीक्षणको प्रतिवेदन अनुसार आर्थिक प्रतिवेदनको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

### १) शेयर पुँजी

सहयोगी वचत तथा ऋण सहकारी संस्थाको सुरुवाती अवस्थामा शेयर पुँजी रु.५५,०१,०००।-(अक्षरमा पचपन्न लाख एक हजार मात्र) रहेकोमा आ.व. ०७९/८० सम्ममा रु.२,८८,५२,२००।-(अक्षरमा दुई करोड उनान्तीस लाख पन्ध्र हजार चार सय मात्र) कुल शेयर पुँजी भएको जानकारी गराउन चाहन्छु ।

| क्र.सं. | विवरण | शेयर रकम | | | जम्मा कित्ता सङ्ख्या |
|---|---|---|---|---|---|
| | | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | |
| १ | शेयर पुँजी | २१८८५५०० | २२९१५४०० | २८८५२२०० | २८८५२२ |

### २) निक्षेप सङ्कलन

निक्षेप सङ्कलन संस्थाको महत्वपूर्ण अभियानको रुपमा रहेको छ । छरिएर रहेको स-सानो रकमलाई जम्मा गरि पुँजी निर्माण गर्ने र त्यसको परिचालनबाट सदस्यहरुको आर्थिक आवश्यकतालाई परिपूर्ति गर्दै स-साना उद्योग व्यापार व्यवसाय सञ्चालन गरि आर्थिक अवस्थामा समेत सुधार हुन सकोस् र उनीहरुको भविष्य आर्थिक रुपमा मजवुत होस् र फजुल खर्चलाइ घटाई वचत गर्ने बानीको विकास समेत होस् भन्ने उद्देश्यले विभिन्न प्रकारका खाताहरु खोली रकम जम्मा गर्न सकिने छ । यसरी सहकारी संस्थामा विभिन्न किसिमका खाताहरुको माध्यमबाट संस्थाका सदस्यहरुले आ.व.०७९/८० को अन्त्य सम्ममा कुल वचत

रु.९,२१,९३,०३७/३५।-(अक्षरमा नौ करोड एक्काईस लाख त्रियानब्बे हजार सड्तिस रुपैयाँ पैतिस पैसा मात्र) रहेको जानकारी गराउन चाहन्छु। यसको विस्तृत विवरण आर्थिक प्रतिवेदनमा उल्लेख रहेको छ।

| क्र.सं. | वचतको प्रकार | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रिमियम वचत | ३३४६६९१२।२१ | २९१६३५१८।६९ | २२२२६२४५।५८ | |
| २ | क्रमिक वचत | ८९८६९०८।५५ | ७९९३१०४।९७ | ७२३१५५५।४८ | |
| ३ | वाल वचत | १४४३१८१७।०५ | १३८१९०४३।९४ | १३३९३१८९।०५ | |
| ४ | नारी वचत | १७४०३७३२।१८ | १०२३५७९७४८ | ८५२४०५७२५ | |
| ५ | मेघा वचत | ३२४०००।०० | ७४७५००।०० | ६९५५०० | |
| ६ | वृद्ध वचत | ६६८९०७१।१२ | ४४९११०८।८२ | १११६९९१।०२ | |
| ७ | क्रमिक वचत १ वर्षे | ३४७८१४४।१६ | ३५३४७५०।८५ | २९६०५००।३५ | |
| ८ | क्रमिक वचत २ वर्षे | ४८१२४३।०१ | ६२४७५।०१ | ७५९१२।०१ | |
| ९ | क्रमिक वचत ३ वर्षे | १७२७३१०।१२ | २०४६५९९।१२ | २२२८२६१।१२ | |
| १० | क्रमिक वचत ५ वर्षे | ८८३३६।९८ | ५१६२।९८ | १८८९६।९८ | |
| ११ | आवधिक ६ महिने | ०।०० | ४२५००००।०० | १५००००० | |
| १२ | आवधिक १ वर्षे | ११९४३२६५।०० | ६८५४०००।०० | ७८५८००० | |
| १३ | आवधिक २ वर्षे | २३५८०००।०० | २००००००।०० | २०००००० | |
| १४ | आवधिक ३ वर्षे | १६९४५७०१।०० | १४०८२३८६।०० | १४०१८५९४।०० | |
| १५ | नियमित मासिक वचत | १८७६९४१।२१ | २९९३१२१।५१ | ४१९५३३४।५१ | |
| १६ | आवधिक ३ महिने | □. | □. | ८५०००० | |
| | जम्मा | १२०२०१३८२।५९ | १०२२७८५६९।४० | ९२१९३०३७३५ | |

## ३) कर्जा लगानी तथा असुली

संस्थाको मुख्य आय आर्जनको पाटो नै कर्जा लगानी तथा असुली रहेको हुनाले यस आ.व. ०७९/८० मा विभिन्न व्यवसायमा रु.८,८२,९०,६६०।- (अक्षरमा आठ करोड बयासी लाख नब्बे हजार छ सय साठी मात्र) लगानी गरि रु.९,६१,९६,५४१।-(अक्षरमा नौ करोड एक्साठी लाख छयानब्बे हजार पाँच

सय एक्चालिस मात्र) कर्जा असुली भई आ.व. ०७९/८० को अन्त्य सम्ममा रु.१२,२६,७३,५६३।-(अक्षरमा बाह्र करोड छब्बिस लाख त्रियत्तर हजार पाँच सय त्रिसाठी मात्र) लगानी रहि रहेको जानकारी गराउन चाहन्छु । कर्जा लगानी तथा असुलीलाई व्यवस्थित गर्न ऋण समितिको सक्रियता अनिवार्य रहनेछ । यस कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयर सदस्य ज्यूहरु प्रति आभार प्रकट गर्न चाहन्छु ।


| क्र.सं. | कर्जा शीर्षक | कर्जा रकम | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | |
| १ | घर कर्जा | ५४५१६३४० | ५५९५९७३७ | ६०२१७९३९ | |
| २ | सहयोगी विशेष कर्जा | २४३५७०६४ | २४४३३००४ | १९५३१२६२ | |
| ३ | सदस्य विशेष कर्जा | ५०३४०९४ | ५६९४०५५ | ६५८५४०६ | |
| ४ | निक्षेप कर्जा | ६३३५००० | ६०५७००२ | १२७७५०० | |
| ५ | जमानत कर्जा | १६३१९५२८ | २००९७८९४ | १७१३१२७० | |
| ६ | व्यावसायिक कर्जा | ८९०३५० | १०७४३५० | ६३७०७५ | |
| ७ | व्यापारीक कर्जा | ६७५९६५२ | ६६९७२५२ | ४७८४२८५ | |
| ८ | सुलभ व्यापारीक कर्जा | ० | ० | ० | |
| ९ | अल्पकालिन कर्जा | ९६८९२७ | १७७८१०२ | ६७८१०२ | |
| १० | स्वरोजगार कर्जा | २५७७१७ | ५८२७२ | ५२८०० | |
| ११ | साना किसान कर्जा | १३८३०८३ | १३६६४१० | १३३०९११ | |
| १२ | कर्मचारी कर्जा | ४४४००० | ५५०००० | २०५००० | |
| १३ | साना किसान मासुजन्य कर्जा | १३०००० | १३०००० | ७०००० | |
| १४ | कृषि कर्जा | ५१५६०२० | ५१८८०२० | ८९८४७०७ | |
| १५ | यवा उद्यम कर्जा | १७२९२२८ | १२८१३८४ | ८९७३०६ | |
| १६ | आपतकालिन कर्जा | ७०००० | ५०००० | ४०००० | |
| १७ | हायर पर्चेज कर्जा | २४१२४९ | १६३९६२ | १६०००० | |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १२४५९२२५२ | १३०५७९४४४ | १२२६७३५६३ | |

४) शेयर पुँजी, निक्षेप सङ्कलन र कर्जा लगानी सार संक्षेप

संस्थाको शेयर पुँजी, निक्षेप र कर्जालाई आ.व. ०६६/६७ देखि आ.व.०७९/८० सम्म को सार संक्षेपमा निम्नानुसार प्रस्तत गरिएको छ ।

| क्र.सं. | आ.व. | शेयर पुँजी | वचत | कर्जा |
|---|---|---|---|---|
| १ | ०६६/६७ | ५५०१०००।०० | ४८८६०१५।२५ | ८८१९५००।०० |
| २ | ०६७/६८ | ७४२५०००।०० | ८०१५१९९।०० | १३८३४४३७।०० |
| ३ | ०६८/६९ | ७४१५०००।०० | १४२३२५७६।९७ | २११२६१४९।७० |
| ४ | ०६९/७० | ८२४३७००।०० | २१६३३०४४।५३ | ३२२०८९८४।०० |
| ५ | ०७०/७१ | १०५०९०००।०० | ३१७९१०६५।०० | ४४६५४६६१।०० |
| ६ | ०७१/७२ | १०५११७००।०० | ३६४०७१५१।४७ | ५३८९४१३४।०० |
| ७ | ०७२/७३ | १०५१८१००।०० | ५४९९३३१७।२२ | ६५१६९५२४।११ |
| ८ | ०७३/७४ | ११९२७७००।०० | ६७६५४०७५।३९ | ८३९६९४६२।५५ |
| ९ | ०७४/७५ | १३०९७७००।०० | ८१३३९९५४।५८ | ८७७९३३८८।०० |
| १० | ०७५/७६ | २०३५४९००।०० | ९३४३७६७६।३६ | १०८४९०६६१।०० |
| ११ | ०७६/७७ | २०३८५६००।०० | ११०३२४३९१।४८ | ११४९६७२४४।०० |
| १२ | ०७७/७८ | २१८५८५००।०० | १२०२०१३८२।५९ | १२४५९२२५२।०० |
| १३ | ०७८/७९ | २२९१५४००।०० | १०२२७८५६९।४० | १३०५७९४४४।०० |
| १४ | ०७९/८० | २८८५२२००।०० | १०२२७८५६९।४० | १२२६७३५६३।०० |



## ५) आ.व.०७९/८० को कारोबारको सार संक्षेप

आ.व.०७९/८० मा संस्थाको कुल सञ्चालन आम्दानी रु.१,८८,५०,२०७/८०।-(अक्षरमा एक करोड अठासी लाख पचास हजार दुई सय सात रुपैयाँ छयालीस पैसा मात्र) रहेकोमा संस्था सञ्चालन खर्च, कर्मचारी तलव, मर्मत तथा ह्रासकट्टी खर्च सहित रु.४५,८७,७२८/१७।-(अक्षरमा पैतालिस लाख सतासी हजार सात सय अठाईस रुपैयाँ सत्र पैसा मात्र), र व्याज खर्च रु.८१,७८,७३३।-(अक्षरमा एकासी लाख अठहत्तर हजार सात सय तेत्तीस रुपैयाँ मात्र) गरि कट्टा गर्दा सञ्चालन मुनाफा आयकर व्यवस्था अगाडि रु.६०,८३,७४६/६३।-(अक्षरमा साठी लाख त्रियासी हजार सात सय छयालिस रुपैयाँ त्रिसाठी पैसा मात्र) रहेकोमा सो मा आयकर ऐन, २०५८ को अनुसूची १ को दफा ३ अनुसार कर्पोरेट आयकर २०% रहेकोमा आयकर ऐन, २०५८ संसोधन भई मिति २०७५/११/१९ को नेपाल राजपत्र खण्ड ख–६८ अतिरिक्ताङ्क ३७ वमोजिम सहकारीलाई ७५% छुट भएकोमा सो वापत रु.२,९४,०४१/९१।-(अक्षरमा दुई लाख चौरानब्बे हजार एक्चालीस रुपैयाँ एकानब्बे पैसा मात्र) व्यवस्था गरेपछि खुद सञ्चालन मुनाफा आयकर व्यवस्था पछि रु.५७,८९,७०४/७३।-(अक्षरमा सन्ताउन्न लाख उनानब्बे हजार सात सय चार रुपैयाँ त्रियत्तर पैसा मात्र) रहन गएको तथ्य यस गरिमामय सभामा सहर्ष जानकारी गर्दछु । यसको विस्तृत विवरण वासलातको अनुसूची  मा रहेको छ ।

## ६) मुनाफा बाँडफाँड

संस्थाको समिक्षा वर्ष आ.व.०७९/८० मा आयकर व्यवस्था पछि खुद मुनाफा रु.५७,८९,७०४/७३।-(अक्षरमा सन्ताउन्न लाख उनानब्बे हजार सात सय चार रुपैयाँ त्रियत्तर पैसा मात्र) मध्येबाट सहकारी ऐन, २०७४ को दफा ६८ तथा संस्थाको विनियममा व्यवस्था भए अनुरुप २५% बराबरको जगेडा कोष (Reserve Fund) मा छुट्याउनु पर्ने प्रावधान अनुसार रु.१४,७४,४२६/१८।-(अक्षरमा चौध लाख चौहत्तर हजार चार तीन सय छब्बिस रुपैयाँ अठार पैसा मात्र) जगेडा कोषमा छुट्याए पछिको बाँकी मुनाफा रु.४३,४२,२७८/५५।-(अक्षरमा त्रिचालिस लाख बयालिस हजार दुई सय अठहत्तर रुपैयाँ पचपन्न पैसा मात्र) मध्येबाट संसोधित सहकारी ऐन, २०७४ को दफा ७० अनुसार वार्षिक खुद वचतबाट ०.५ (शून्य दशमलव पाँच) प्रतिशत सहकारी प्रवर्द्धन कोषमा जम्मा गर्नुपर्ने व्यवस्था अनुसार रु.२१,७११/३९।-(अक्षरमा

एक्काईस हजार सात सय एघार रुपैयाँ उनन्चालिस पैसा मात्र) तथा सहकारी ऐन, २०७४ को दफा ६९ र सहकारीको विनियम २०६६ अनुसार वार्षिक खुद वचतबाट ३०% (तीस प्रतिशत) संरक्षित पुँजी फिर्ता कोषमा जम्मा गर्नुपर्ने व्यवस्था अनुसार रु.१३,०२,६८३/५६।-(अक्षरमा तेह्र लाख दूई हजार छ सय त्रियासी रुपैयाँ छपन्न पैसा मात्र) व्यवस्था गरि बाँकी रकम रु.३०,१७,८८३/५९।-(अक्षरमा तीस लाख सत्र हजार आठ सय त्रियासी रुपैयाँ उन्साठी पैसा मात्र) लाई सत प्रतिशत मानी सहकारीको विनियम २०६६ अनुसार विभिन्न कोषमा छुट्याए पछिको बाँकी हुन आउने ५५% बराबरको रकम शेयर लाभांस कोषमा रु.१६,५९,८३५/९७।-( अक्षरमा सोह्र लाख उन्साठी हजार आठ सय पैतिस रुपैयाँ सन्तानब्बे पैसा मात्र) रहेको रकमलाई बाँडफाँड गर्दा शेयर लाभांस कोषबाट मात्र प्रति कित्ता शेयर लाभांस रु.५/७५।- पर्न गई बाँकी रहेको ४५% बराबरको रकम रु.१३,५८,०४७/६२।-(अक्षरमा तेह्र लाख अण्ठाउन्न हजार सङ्चालिस रुपैयाँ बैसाठी पैसा मात्र) विभिन्न कोषहरुमा विनियोजन गरि छुट्याइएको छ । जुन कुरा वासलातसँग सम्बन्धित अनुसूचीमा विस्तृत विवरण रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

## ७) सहकारी संस्थामा कोषको व्यवस्था

सहकारी संस्थाको सम्पत्ति भनेको नै विभिन्न कोषहरुमा जम्मा भएको रकम हो । संस्थाको दिगोपनाको निर्धारण कोषले गर्ने गर्छ त्यसैले सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडको भविष्यमा आइपर्ने सम्भावित जोखिमलाई व्यवस्थापन गर्न र दिगोपनालाई सुदृढ तुल्याउन सहकारी संस्थाको मूल्य मान्यता अनुरुप विभिन्न किसिमका कोषहरु सिर्जना गरि आ.व.०७८/७९ सम्म निम्न अनुसारको कोषहरुमा रकम जम्मा भएको अवगत गराउन चाहन्छु।

| क्र.सं. | कोषको शीर्षक | प्रतिशत | कोष रकम | | यस आ.व. ०७९/८० सम्मको | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | आ.व. ०७८/७९ सम्मको | यस आ.व. ०७९/८० को | | |
| १ | जगेडा कोष | २५ | १००७६६८२।८८ | १४४७४२६।१८ | १२०३६३४७१९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अन्य कोष ५१२२३८।१३ रकमान्तर | | | | | | |
| २ | सहकारी प्रवर्द्धन कोष | ०।५ | ९५३३९।६६ | २१७११।३९ | ११७०५१।०५ | |
| ३ | शेयर लाभांस कोष | ५५ | १९२४६९४।२९ | १६५९८३५।९७ | १६५९८३५।९७ | |
| ४ | संरक्षित पुँजी कोष | ३० | १५१०५५१।४४ | १३०२६८३।५६ | १३०२६८३।५६ | |
| ५ | कर्मचारी बोनस कोष | १० | ३४९९४४।४२ | ३०१७८८।३६ | ३०१७८८।३६ | |
| ६ | सहकारी शिक्षा कोष | १० | ३४९९४४।४२ | ३०१७८८।३६ | ३०१७८८।३६ | |
| ७ | सहकारी विकाश कोष | १० | २२४२७०२।८७ | ३०१७८८।३६ | २५४४४९१।२३ | |
| ८ | डुवन्ते ऋृण कोष | ५ | १४०५६००।३३ | १५०८९४।१८ | १५५६४९४।५१ | |
| ९ | घाटापूर्ति कोष | १० | २६३२८८९।२२ | ३०१७८८।३६ | २९३४६७७।५८ | |
| १० | घर जग्गा कोष | | १०५०६३९४।५२ | ११७८६००।०० | ११६८४९९४।५२ | |
| | | **जम्मा** | **३१०९४७४४।०५** | **५७८९७०४।७३** | **३४४४०१५२।३३** | |

## ८) सहकारीबाट करमा योगदान

सरकारको तीनखम्बे अर्थनीति अनुसार सहकारी क्षेत्रलाई पनि अर्थतन्त्रको एक खम्बाको रुपमा लिएको सन्दर्भमा सहयोगी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व.०८९/८० मा करका विभिन्न शीर्षकहरुबाट सरकारलाई अर्थतन्त्रमा योगदान दिएको छ ।

स्थायी लेखा नम्बर (३०३८६७५४८)

| क्र.सं. | शीर्षक | संकेत नम्बर | दर | दाखिला रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयकर | ११११२४ | ५% | ३०४१८७।३३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | व्याज कर | १११३२ | ५% | ५०९८९९ | |
| ३ | सदस्य लाभांस कर ०७८/७९ | १११३३ | ५% | २२७००६ | |
| ४ | सामाजिक सुरक्षा कर | ११२११ | १% | २६५७४।८५ | |
| ५ | घर वहाल कर | १११३१ | १२% | ११८३० | |
| ६ | परिश्रमिक कर (वैठक भत्ता) | ११११२ | १५% | २७१५० | |
| | | | जम्मा | १०७९४९७१८ | |



प्रतिवेदन
प्रस्तोता
राजन खत्री
**(कोषाध्यक्ष)**

**धन्यवाद !**